दार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान
कर्णाली प्रदेश नेपाल
Website:www.darmamun.gov.np
email : ito.darmamun@gmail.com

पत्र संख्या-२०८२/०८३
चालनी नं.:

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

## गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीचको कार्यसम्पादन करार सम्झौता।

सुशासन(व्यवस्थापन तथा सञ्चालन)ऐन २०६५,निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपाल सरकारद्धारा समय समयमा जारी निर्देशिका एवम परिपत्रमा उल्लेखित प्रावधानका अतिरिक्त देहाय बमोजिमका कार्य सम्पादन करार सम्झौतामा गाउँपालिका अध्यक्ष(पहिलो पक्ष) र प्रमुख प्रशासकीय अधिकृत(दोश्रो पक्ष) बीच मिति २०८२/०४/०४ मा यो कार्यसम्पादन करार सम्झौता भएको छ।

**दोश्रो पक्षले पहिलो पक्षसँगको सहमति अनुसार निम्न कार्यहरू गर्नुपर्नेछ:**

१. गाउँसभाबाट पारित निर्णय तथा विकास आयोजनाको कार्यान्वयन प्रगति विवरण चाहिएको बेला तथा कार्यपालिका बैठकमा प्रस्तुत गर्ने।
२. कार्यालय व्यवस्थापनमा नयाँ प्रविधि र सीपको उपयोग गरी छिटो, छरितो सेवा प्रवाह गर्ने।
३. वित्तीय सुशासन कायम राख्न प्रचलित आर्थिक कानुनहरूको पालना गर्ने।
४. "म भ्रष्टाचार गर्दिन र अरुलाई गर्न दिंदिन" भन्ने शून्य सहनशीलताको कार्यान्वयन गर्ने।
५. आवश्यक ऐन, कानुन निर्माण गरी विधेयक समिति समक्ष पेश गर्ने।
६. मातहतका कर्मचारीको कार्य क्षमतावृद्धि गर्न आवश्यक प्रशिक्षणको व्यवस्था गर्ने।
७. वडा तहका कर्मचारीलाई सरकार र जनताप्रति उत्तरदायी हुने गरी प्रशिक्षित र प्रोत्साहित गर्ने।
८. स्थानीय तथ्याङ्कलाई अभिलेखीकरण, प्रमाणित र अद्यावधिक गर्ने।
९. विकास कार्यक्रम कार्यान्वयनमा कम्तीमा ९०% भौतिक तथा वित्तीय प्रगति हासिल गर्ने।
१०. संस्थागत विद्यालय समायोजन तथा शिक्षा नीति निर्माणमा सहयोग गर्ने।
११. सार्वजनिक सुनुवाइ तथा अर्धवार्षिक/वार्षिक समीक्षा समयमै गर्ने।
१२. आन्तरिक आयलाई दिगो र व्यवस्थित बनाउन कानुनी नीति निर्माण र परिचालन गर्ने।
१३. विशेष परिस्थिति बाहेक कार्यक्षेत्र बाहिर नबस्ने वातावरण सिर्जना गर्ने।
१४. SUTRA प्रणालीमार्फत लेखा राखी समयमै लेखापरीक्षण गर्ने र प्रतिवेदन पेश गर्ने।
१५. बेरुजु फछर्यौटमा अग्रणी भूमिका निर्वाह गर्ने।
१६. मातृशिशु सुरक्षा, पोषण, घरदैलो अभियानलाई प्रभावकारी र दिगो बनाउने।
१७. कृषि तथा पशुपालनका नीति कार्यक्रम र अनुदान समयमै कृषकसम्म पुऱ्याउने।
१८. लक्षित समूहका कार्यक्रम समयमै कार्यान्वयन गर्ने।

दार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फास्लाचौर, सल्यान
कर्णाली प्रदेश नेपाल
Website:www.darmamun.gov.np
email : ito.darmamun@gmail.com

पत्र संख्या-२०८२/०८३
चालनी नं.:

१९. आर्थिक विकासका कार्यक्रम आ.व. भित्रै प्रतिफलमूलक कार्यान्वयनमा लैजाने।
२०. बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री स्थानीय शासनको पूर्ण कार्यान्वयन गर्ने।
२१. स्थानीय तहको स्वमूल्याङ्कन सूचक पूर्ण रूपमा लागू गर्ने।
२२. राजनीतिक रूपमा तटस्थ रहँदै सेवाप्रति इमान्दार रहने।
२३. संघीय मामिला मन्त्रालय, स्थानीय जनप्रतिनिधि तथा नागरिकप्रति जिम्मेवार र जवाफदेही भएर कार्य गर्ने।
२४. कार्यालय क्षमतावृद्धि तथा सुशासनका सूचकहरू (पूर्वाधार, बोर्ड, सूचना बोर्ड आदि) व्यवस्थित गर्ने।
२५. कार्यालयका सूचना र तथ्याङ्क अद्यावधिक गरी नियमित Website मा राख्ने।
२६. वार्षिक प्रगति प्रतिवेदन आ.व. समाप्त भएको १ महिनाभित्र कार्यपालिकामा पेश गर्ने।
२७. स्थानीय पाठ्यक्रम, युवा, खेलकुद र संस्कृति सम्बन्धी व्यवस्थापन गर्ने।
२८. गाउँ प्रहरी गठन, परिचालन र सुरक्षा व्यवस्थापन गर्ने।
२९. पालिकाका विभिन्न युक्त/मुक्त तथा मैत्री अभियानको नीति, कार्यान्वयन, मूल्याङ्कन गर्ने।
३०. विपद् व्यवस्थापनसम्बन्धी नीति निर्माण, बजेट विनियोजन र परिचालन गर्ने।
३१. बेरोजगारी न्यूनीकरणका लागि सीप विकास र रोजगारीमूलक नीति निर्माण तथा कार्यान्वयन गर्ने।
३२. अन्य सबै कार्य प्रचलित कानून र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुने।

**पहिलो पक्ष**
दस्तखतः.......................
नाम थरः निम बहादुर के.सी.
पदः गाउँपालिका अध्यक्ष
निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

**दोश्रो पक्ष**
दस्तखतः .......................
नाम थरः श्री रेशम ओली
पदः प्रमुख प्रशासकीय अधिकृत
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत